नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(जनशक्ति योजना तथा विकास शाखा)

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ०७८/७९
चलानी नं.:- ४९२

मितिः २०७९/०३/०९

विषयः सेवाकालीन तालिम सम्बन्धी सूचना (रा.प.तृतीय श्रेणी) ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको प.सं. PSTD, च.नं. १३१२/०७९/८०, मिति २०७९/०३/०८ को पत्रबाट उक्त प्रतिष्ठानले मिति २०७९ श्रावण महिनादेखि रा.प.तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूको लागि भर्चुअल माध्यमबाट सञ्चालन गर्ने Professional Course on Management and Development (PCMD) सेवाकालीन तालिममा सहभागी मनोनयन गरी पठाउन अनुरोध भई आएको छ । उक्त तालिममा सहभागी हुन इच्छुक यस मन्त्रालय, अन्तर्गतका निकाय र स्थानीय तहमा कार्यरत निजामती कर्मचारीहरूले यसैसाथ संलग्न प्रशिक्षार्थी मनोनयन फाराम भरी कार्यरत कार्यालयको सिफारिस सहित यस मन्त्रालयको जनशक्ति योजना तथा विकास शाखामा मिति २०७९।०३।१७ भित्र आइपुग्ने गरी यस शाखाको ई-मेल ठेगाना hrd.moga@gmail.com मार्फत् पठाउनुहुन जानकारी गराइन्छ ।

तालिम कार्यक्रमः Professional Course on Management and Development (PCMD)

| क्र.सं. | कार्यक्रम | मिति | यस मन्त्रालयलाई प्राप्त प्रशिक्षार्थी संख्या |
|---|---|---|---|
| १. | पहिलो कार्यक्रम | २०७९ श्रावण ९ देखि | २ जना |
| २. | दोस्रो कार्यक्रम | २०७९ श्रावण १२ देखि | २ जना |
| ३. | तेस्रो कार्यक्रम | २०७९ श्रावण १६ देखि | २ जना |
| ४. | चौथो कार्यक्रम | २०७९ श्रावण १९ देखि | २ जना |

२०७९.०३.०९
(राजन थापा)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः सं.मा.त.सा.प्र.म- सूचना वेबसाइटमा अपलोड गरिदिनु हुन ।

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
## Nepal Administrative Staff College
*"...devoted to making differences positively."*


प.सं. PSTD 2079/80
च.नं. १२१२ /079/80

मितिः २०७९/०३/०८

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको द्वितीय श्रेणी वा सो सरहका अधिकृतका लागि **Advanced Course on Management and Development (ACMD)** तथा तृतीय श्रेणी वा सो सरहका अधिकृतका लागि **Professional Course on Management and Development (PCMD)** विषयक प्रशिक्षण कार्यक्रम आ.व. २०७९/८० को वार्षिक कार्यतालिका अनुरूप संचालन हुने व्यहोरा जानकारी गराउँदछु। अधिकृतहरुको मूलभूत सक्षमता (core competencies) मा आधारित यस प्रशिक्षण कार्यक्रम भौतिक मोडालिटीमा (Physical Modality) संचालन हुनेगरी तय गरिएको छ । उक्त प्रशिक्षण कार्यक्रममा सहभागी हुनेगरी तहाँबाट संलग्न तालिका बमोजिम सचिव/ विशिष्ट श्रेणीको अधिकृतस्तरबाट मनोनयन गराई मनोनित अधिकृत(हरु)को नामावली मनोनयन फारम सहित मिति २०७९/०३/२० गतेसम्म प्रतिष्ठानमा आइपुग्नेगरि पठाईदिनुहुन अनुरोध गर्दछु। प्राप्त नामावलीमध्येबाट तपसिलमा उल्लेख भएबमोजिमको आधारमा प्रतिष्ठानद्वारा मनोनयन स्वीकृत गरिने व्यहोरा समेत अनुरोध छ।

**मनोनयनका आधारहरु र सम्बन्धीत व्यवस्थाः**

१. अधिकृत द्वितीय श्रेणीको कर्मचारीको हालको तह/ श्रेणीमा २०७९ जेठ मसान्तसम्म न्युनतम २ वर्षको सेवा अवधि र अधिकृत तृतीय श्रेणीको कर्मचारीको हालको तह/ श्रेणीमा ३ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
२. हालको तहमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
३. मनोनयन गर्दा संलग्न तालिका बमोजिमको कुन समूहमा सहभागी हुने हो सो स्पष्ट खुलाई पठाउनुपर्नेछ ।
४. मनोनयनको स्वीकृति गर्दा द्विविधा भएमा ज्येष्ठतालाई आधार लिइनेछ।
५. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन।
६. मनोनयन फारम प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा राखिएको छ। सम्बन्धित उम्मेदवारले प्रतिष्ठानको वेबसाइटमा राखिएको Updates मेनु भित्र Downloadable Forms मा गएर Long Training Nomination Form लिंकमा क्लिक गरी मनोनयन फारम डाउनलोड गर्न सक्नेछन्।
७. वैकल्पिक उम्मेद्वारहरुको व्यवस्था रहेको छैन। तसर्थ तोकिएको संख्या भन्दा बढी र वैकल्पिक भनी उल्लेख भएको मनोनयन माथि कारवाही गरिने छैन ।
८. मनोनयन स्वीकृतिको अधिकार सम्पूर्ण रुपमा प्रतिष्ठानमा निहित रहनेछ। मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेबसाइट www.nasc.org.np मा राखिनेछ।
९. मनोनित कर्मचारीहरुको नामावली मनोनयन फारम सहित प्रतिष्ठानको इमेल **inservice@nasc.org.np** मा समेत पठाउन सकिनेछ।

**सम्पर्कको लागि**
प्रतिभा ढुंगाना
प्रशिक्षण तथा अनुसन्धान अधिकृत
९८०११०४५३५

.................................
सरोजा शाक्य
प्रशिक्षण तथा अनुसन्धान अधिकृत
९८५११६८०२५

*प्रशिक्षण व्यवस्थापन निर्देशिका, २०६५, को उप-दफा २.१६.४ संग सम्बन्धित* (अधिकृत स्तरको प्रशिक्षणको लागि)

अनुसूची-५

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

जावलाखेल, ललितपुर

## प्रशिक्षार्थी मनोनयन फाराम

**१. कर्मचारीको व्यक्तिगत विवरण:**

(क) नाम: मोबाइल नं: कर्मचारी संकेत नं:

(ख) जन्म मिति:

(ग) स्थायी ठेगाना:

(घ) शैक्षिक योग्यता (उच्चतम मात्र):

**२. नोकरी विवरण:**

(क) कार्यरत कार्यालयको नाम: (ख) शाखा/फांट:

(ग) ठेगाना: (घ) फो.नं.:

(ङ) मोवाइल नं. (च) फ्याक्स नं.: (छ) इमेल:

(ज) सेवा प्रवेश गरेको पद: (झ) नियुक्ति मिति:

(ञ) हालको पद: (ट) श्रेणी/तह:

(ठ) सेवा/समूह: (ड) हालको पदमा नियुक्ति वा बढुवा भएको मिति:

(ढ) आफूले गर्नु पर्ने प्रमुख कार्यहरू:

**३. प्रशिक्षण सम्बन्धी विवरण:**

(क) हालको श्रेणी/तहमा हुंदा पहिले कुनै प्रशिक्षण लिइसकेको भए:

- प्रशिक्षणको विषय/शीर्षक:
- प्रशिक्षणको अवधि:
- प्रशिक्षण दिने संस्था र मुलुक:

मनोनित कर्मचारीको सही:
मिति:

कार्यालयको छाप

**प्रशिक्षणको लागि सिफारिस गर्ने सचिव वा सो सरहको संगठन प्रमुखको:**

सही:
नाम:
पद:
कार्यालय:
मिति: